धवलागिरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मुना ,म्याग्दी
गण्डकी प्रदेश , नेपाल

# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु-२०८१

स्वीकृत मिति :२०८१/११/०६

निमित्त प्रमुख प्रशासकीय अधिकृत

धवलागिरी गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु

## १.१ भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू २०८१

**प्रस्तावना :**

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहायअनुसार यस धवलागिरी गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्ने प्रयोजनको लागि भू- उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अद्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस मापदण्डको नाम "भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०८१" रहेको छ ।

(ख) यो मापदण्ड धवलागिरी गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट धवलागिरी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले धवलागिरी गाउँपालिका लाई सम्झनुपर्दछ।

(घ) "कार्यपालिका" भन्नाले धवलागिरी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

(च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याईएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।



CamScanner

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

(ड) "भू-उपयोग योजना " भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

त) "व्यावसायिक क्षेत्र " भन्नाले बैंक, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत,जनाउँछ।

थ) "सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

**३. भू-उपयोग मापदण्ड निर्धारणका आधारहरु:**

(क) विद्यमान भू-उपयोगको अवस्था,

(ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क

(ग) सडक, बाटोको पहुँच र सो को वर्गीकरण,

(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,

(ङ) भू-उपयोग ऐन २०७६,



CamScanner

(च) भू-उपयोग नियमावली २०७९,

(छ) Google Satellite Images,

(ज) GIS Analysis

(ठ) वडाबाट आएको राय सुझाव,

(ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय, सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव

**४. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरुः**

**क).** जोखिम् लगायत अन्य संवेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

**ख).** यस अघि नापी विभागबाट आवासीय, व्यवसायिक र औद्योगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने, तर गाउँपालिकाले आवश्यकता र उपयुक्तता देखेमा आवासीय क्षेत्रलाई यस मापदण्डको अधीनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ ।

**ग).** गाउँपालिकाले नदी उकासबाट आएको जमिनमा सार्वजनिक सडक, ढल, उद्यान बाहेक कुनै संरचना निर्माण गर्न नदिने। नदी उकासबाट आएको क्षेत्र स्वतः हरित क्षेत्र घोषणा हुने गर्दछ र उक्त क्षेत्रमा वनस्पति विभाग वा वन मन्त्रालयले सिफारिस गरे अनुसारका बोट विरुवा रोपी हरियाली कायम गर्ने ।

**५. सार्वजनिक उपयोगको क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ज. मा व्यवस्था भएका क्षेत्र,
- सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कायार्लयहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।

**६. नदी, खोला, ताल, सीमसार क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ छ. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

**७. खानी तथा खनिज क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ङ. मा व्यवस्था भएका क्षेत्र ।
- स्थानीय तहबाट स्वीकृती प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

**८. वन क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ च. मा व्यवस्था भएका क्षेत्र



निमित्त प्रमुख प्रशासकीय

- हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (धार्मिक, निजी जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने ।

९. सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्र

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ झ. मा व्यवस्था भएका क्षेत्र
- हाल उपयोगमा रहेको मठ, मन्दिर ,मस्जित ,गुम्वा ,चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा परापुर्व काल देखीका ऐतिहासिक धरोहर सांँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र ।

१०. औद्योगिक क्षेत्र

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ घ. मा व्यवस्था भएका क्षेत्र ।
- गाउँपालिका भित्र संचालनमा रहेका उधोग र औद्योगिक ग्राम क्षेत्रलाई यस क्षेत्रमा वर्गीकरण गर्ने ।

११. व्यवसायिक क्षेत्र

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ग. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपयोगमा रहेका आवासीय भवन व्यापारिक भवन जस्तैः- पसल, बैंक तथा वित्तीय संस्था, होटल, रेष्टुरा ,चमेना गृह, व्यवसायिक प्रयोजनका लागी उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालयले चर्चेको खाली जग्गा, निजि अस्पताल, विद्यालय क्षेत्रहरु।

१२. कृषि क्षेत्र

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ क. मा व्यवस्था भएका क्षेत्र ।
- कृषि क्षेत्र भन्नाले कृषि वाली उत्पादन पशु/पन्छी पालन फार्महाउस मत्स्यपालन माहुरीपालन रेसम खेती लगायतका कृषिजन्य उत्पादन वागवानी वा वनबाटिका जडिबुटी र कृषि वनको लागी प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

१३. आवासीय क्षेत्र

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ख. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपायोगमा रहेको सम्पुर्ण आवासीय क्षेत्रको जग्गा ।

१४. माथि उल्लेख भए बमोजिमका अलवा धवलागिरी गाउँपालिका रहेका तपसिल बमोजिमका वडागत क्षेत्रहरुलाई देहाय बमोजिम हुनेगरी वर्गीकरण गर्नेः-

वडा नं. १

| |
|---|
| **क. औद्योगिक क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि औद्योगिक क्षेत्र नरहेको। |
| **ख. खानी तथा खनिज क्षेत्र** |
| बुर्खानी तामा खानि,ङ्याम्बा तामाखानि,भार्को तामा खानि,आप्नेटा किटनि तामाखानि,देउराली घोप्टेओडार ढुङ्गा खानि, इङ्ले ढुङ्गा खानि,नुले ढुङ्गा खानि,ओसनधार ढुङ्गा खानि,घुर्मखोला ढुङ्गा खानि,सेतो ढुङ्गा खानि,निल पत्थर खानि। |
| **ग. सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्र** |
| शिव मन्दिर कानवारा,बराह मन्दिर कानवारा,ठुलो देवता ठातुर,रागस मन्दिर,भुमे मन्दिर,बराह र शिरिम मन्दिर खास्का, सिद्ध मन्दिर प्युथिबा डाँडा देविथान,चर्च तल्लो पँधेरा। |
| **घ. नदि खोला ताल सिमसर क्षेत्र** |
| घुर्म खोला, फल्टिङ खोला, लाच्छावाङ खोला, गर्पु खोला,दल्छिङ्गे खोला,भुजुङ्गे खोला,थारखोला, ओङथाङ खोला, इङ्ले खोला, मुन्सुङ कापे खोला,भुजुङ्गे बराह ताल, भुजुङ्गे सेति बराह ताल,फल्लेघर हिम ताल, झिम्म सिमसार, न्हुले सिमसार, झामछिस सिमसार। |
| **ङ. वन क्षेत्र** |
| प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र। |
| **च. सार्वजनिक उपयोगका क्षेत्र** |
| स्कुलःश्री जनकल्याण मा.वि. गुर्जा-१,स्वास्थ्य चौकी -१,सामुदायीक भवन-१,खेल मैदान कानवारा-१,गुर्जाघाट गर्पु,बलिवाङ झामचिस नाला। |
| **छ. व्यवसायिक क्षेत्र** |
| वडा कार्यलय,तास्ना लिङ्गो गाडेको,पुरानो बुकी, मन्सुङ नुनथला,छेउ खर्क,रुगा चौर देउराली। |
| **ज. कृषि क्षेत्र** |
| रुगा चौर कृषी क्षेत्र, उल्लेखित क्षेत्र बाहेक बाकी रहेका सम्पुर्ण जग्गाहरु। |
| **झ. आवासीय क्षेत्र** |
| -गुर्जा बस्ति भित्र पर्ने सम्पुर्ण जग्गाहरू<br>-देउराली बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरू।<br>-लाच्छावाङ क्षेत्र,<br>-धुर्म क्षेत्र, |



निमित्त प्रमुख प्रशासकीय अधिकृत

ग्रामिनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... गण्डकी प्रदेश, नेपाल २०७३

वडा नं.२

| |
|---|
| **क. औद्योगिक क्षेत्र** |
| १.दरखोला दोस्रो लघुजलविद्युत परियोजना<br>२.वराह ताल औद्योगिक क्षेत्र |
| **ख. खानी तथा खनिज क्षेत्र** |
| १.नर्जा खोला ढुंगाखानी<br>२.जरे ढुंगा खानी<br>३.जलजला जरे वचार्ज ढुंगा खानी |
| **ग. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| जलजला देउराली मन्दिर, लुलाङ भुमेथान मन्दिर, लुलाङ माइथान देवी मन्दिर, लमसुङ माइथान मन्दिर, लेवानोन प्राथना भवन , दर्शन उपासना मण्डली चर्च, फेटो होम नयाँ मण्डली , दान कटेरी डाडा मन्दिर (खोरिया ) , सिद्धथान मन्दिर (खोरीया ), मरेनी मोरो टासिएको जुर, आर्मी व्यारेक गुर्जाघाट |
| **घ. नदि खोला ताल सिमसर क्षेत्र** |
| दर खोला , नर्जा खोला , खवाङ खोला , बराह ताल ( मरेनी ) , ढुंगाघर ताल । |
| **ङ. वन क्षेत्र** |
| १.प्रचलित कानुन बमोजिम नेपाल सरकार द्वारा वन भनि पारिभाषित क्षेत्रहरु । |
| **च. सार्वजनिक उपयोगका क्षेत्र** |
| लुलाङ आ.वि., लमसुङ मा.वि., खोरिया आ.वि., जलजला संरक्षण युवाक्लवको खेलमैदान, ढुङ्गाघर युवा क्लव खेलमैदान, लुलाङ स्वास्थ्य चौकी, खोरिया गाउघर क्लिनिक , लमसुङ भेटेरिनरी भवन, खोरिया सामुदायिक भवन, लुलाङ सामुदायिक भवन, लमसुङ घाट, खोरीया सिसा खानी घाट, लुलाङ, चित्रफेदी घाट, जलजला पैदल मार्ग |
| **छ. व्यवसायिक क्षेत्र** |
| लमसुङ पर्यटन क्याम्प, जलजला पर्यटकीय क्षेत्र, लुलाङ देउराली पर्यटकिय स्थल, अमिलो टिप्ने डाडा भ्यु प्वाइन्ट, वडा कार्यालय भवन, तल्लो जलजला पर्यटकिय क्षेत्र |
| **ज. कृषि क्षेत्र** |
| १.तल्लो जलजला चरन क्षेत्र<br>२.पतिहाल्ना कृषि क्षेत्र |



निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| |
|---|
| ३.धान्सेमाने कृषि क्षेत्र<br>४.चिपलेटी कृषि क्षेत्र<br>५.उल्लेखित क्षेत्र बाहेक बाकी रहेका सम्पुर्ण जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने । |
| झ. आवासीय क्षेत्र |
| १.लुलाङ बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु गैरा बस्तीको ३० मिटर अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु<br>२.डाडा टोल चिहान डाडा घुम्ती देखी बिसौना बस्ती भित्र पर्ने जग्गाहरु<br>- लमसुङ बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु<br>-खोरिया बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु<br>-डाडाटोल बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु<br>-धारा टोलको ५०मिटर अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु<br>-माझकटेरी बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु<br>-लुलाङ गुर्जा मोटरबाटोको<br>३.डाडाटोल देखी चिहान डाडा सम्म ३० मिटर गैरा बस्ती तर्फ मात्र<br>४.सामुदायिक भवन देखी डाडा टोल सम्म ५० मिटर विधालय तर्फ<br>५.धार बिसौना देखी जुकेपानी चौतारा सम्म को ३० मिटर दायाँ बायाँको क्षेत्र<br>६.दरखोला देखी पैरेनी खोल्साको लेवानोन चर्च तर्फको ५० मिटर मात्र<br>७.खोरिया डाडा टोल देखी दल बहादुर पुनको घर सम्म ३५ मिटर दायाँ बायाँको जग्गा<br>-कुनादेवी सामुदायिक भवन जोड्ने बाटोको दायाँ बायाँ २० मिटरमा पर्ने जग्गाहरु<br>-ढोरपाटन जाने मोटरबाटोको जाकुस खोला देखी सिरान भट्टी सम्म २० मिटर दायाँ बायाँ पर्ने जग्गाहरु |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

धवलागिरी गाउँपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

वडा नं. ३

| |
|---|
| **ञ. औद्योगिक क्षेत्र** |
| नव सिर्जना फर्निचर उद्योग, श्रमिक फर्निचर उद्योग। |
| **ट. खानी तथा खनिज क्षेत्र** |
| नर्जाखोला ढुंगा खानी, डाँडर ढुंगा खानी, पानी डाक्नेकुना फलाम खानी, कुवापानी क्वार्च ढुंगा खानी। |
| **ठ. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| लक्ष्मी नारायण मन्दिर सोलवाङ, मालिका थान, भुमेथान मुना, भुमेथान फलियागाउँ, भुमेथान दर, सिद्धथान मुना, बराहथान मुना, माईथान देवी मन्दिर, दुर्गा मन्दिर, नयाँ मण्डली चर्च, माईथान मन्दिर फलियागाउँ, कमलजैशी थान। |
| **ड. नदि खोला ताल सिमसर क्षेत्र** |
| म्याग्दी नदी, दर खोला, घट्टे खोला, वाङ खोला, नर्जा खोला, कुर्लुङ खोला, मह खोला, अनेरी खोला, ढुडी खोला। |
| **ढ. वन क्षेत्र** |
| प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र। |
| **ण. सार्वजनिक उपयोगका क्षेत्र** |
| धवलागिरी मा वि, धनजनता मा वि, सुर्यज्योति आ वि, दरखोला बालविकास केन्द्र, दरखोला युवा क्लव खेलमैदान, फलियागाउँ सामुदायिक भवन, भुमेथान आमा समुह भवन, दरखोला-वाङखोला-दोभान घाट, सिफर्के घाट, सोलवाङ घाट, मुना स्वास्थ्य चौकी, खाल खोला पँधेरो, सिस्नेखोला नागरिक सचेतना केन्द्र। |
| **त. व्यवसायिक क्षेत्र** |
| वडा कार्यालय भवन, गाउँपालिकाको कार्यालय,<br>• विद्यालय चोकको ३५ मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु<br>• गाउँपालिका भवनको १०० मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु<br>• दर्वाङ-ताकम-मुना हुँदै ढोरपाटन जोड्ने सडकको (डारेगौंडादेखि दामचौर सम्म)- ३५ मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• मुना गाउँ बीच बाटोको ३५ मि. दायाँबायाँ पर्ने जग्गाहरु |



निमित्त प्रमुख प्रशासकीय

| थ. आवासीय क्षेत्र |
|---|
| • सातमुले-गाउँपालिका कार्यालय जोड्ने सडकको ३० मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• दामचौर-लेवाङ जोड्ने सडकक<br>- (दामचौरदेखि सेङपाते खोल्सासम्म) -२५ मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• फलियागाँउ-सोलवाङ सडकको<br>- (चर्चदेखि माईथान मन्दिरसम्म) -२५ मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>- (खगरेतदेखि कालठुटासम्म) -२५ मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• माईथानदेखि खिम्सा-मुना जोड्ने सडकको ३० मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• सात मुहाने-दहभट्टे-खिम्सा सडकको<br>- (दहदेखि खिम्सासम्म) -२५ मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• मुना-दर-मुदी सडकको<br>- (ढुडी खोलादेखि दर खोला सम्म) -५० मि. दायाँबायाँ पर्ने जग्गाहरु<br>• मुना-लेवाङ बस्तीको ८० मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु<br>• मुना-मालिका टोल बस्तीभित्र पर्ने सम्पूर्ण जग्गाहरु<br>• गैरिगाँउ बस्तीको ७५ मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु<br>• साझा बस्तीभित्र पर्ने सम्पूर्ण जग्गाहरु<br>• दर बस्तीभित्र पर्ने सम्पूर्ण जग्गाहरु<br>• दर-नयाँ गाउँ बस्तीको २५ मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु<br>• फलियागाउँ-चौतारा बस्तीको ९० मि. अर्धव्यासको परिधीमा पर्ने जग्गाहरु |
| **द. कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक बाँकी रहेका सम्पूर्ण जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने। |

निमित्त प्रमुख प्रशासकीय अधिकृत



CamScanner

वडा नं.४

| |
|---|
| **ध. औद्योगिक क्षेत्र** |
| माथिल्लो म्याग्दी -१ जल विद्युत आयोजना (५३.५ मे.वा.) श्री हाइड्रो इम्पाएर प्रा.लि.३७ मे.वा.,हाइड्रो भिलेज लि.६५ मे.वा. ,आर.जे.क्रसर उद्योग,लुना क्रसर उद्योग । |
| **न. खानी तथा खनिज क्षेत्र** |
| अर्चे डाडा ढुंगा खानी, तेरतेरे नाउरा ढुंगा खानी, बाखाखर्क चेचुङ्ग ढुंगा खानी, नाउरा भिर तामा खानी,कुलकुत्ता भिर फलाम खानी, लिस्ना तामा खानी,उपल्लोखोला चेचुङ्ग तामा खानी,सिसा खानी,बगर तामा खानी,क्वार्ज ढुंगा खानी नेर्वाङ्ग,क्वार्ज ढुंगा खानी मैरे, खिबाङ्ग कैचिभिर सेतो ढुंगा खानी, खाम्ला तुङधार तामा खानी,भदौरे धुरी तामा खानी, मालिङ्गे धुरी तामा खानी,छरी खोला तामा खानी,खोलाखर्क तामा खानी,थापले तामा खानी । |
| **न्न. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| मालिका मन्दिर, कोट मन्दिर, फल्तिङ खोला तातोपानी,वगर तातोपानि, ठुल्देउता थान,सेला घुमाउने थान, नेर्वाङ भुमि थान, हिजलवाङ वरा, लप्चिस तातोपानी, खिबाङ्ग भुमिथान,बगर सिद्धथान, मुदी भुमिथान मुदी पञ्चवली, खिबाङ्ग पञ्चवली, बगर भुमिथान, वगर बराथान, सिङकुस भुमिथान |
| **प. नदि खोला ताल सिमसर क्षेत्र** |
| म्याग्दी खोला,मुदी खोला,चिवा खोला, छरी खोला, गोरङ खोला, हिमल्जा खोला, बुगरी खोला, जुरकुस खोला,रातो खोला,कुनावन खोला, कैचिभिर खोला, तलितेरे खोला,ठार ओढार खोला,टमर्के खोला, फल्तिङखोला,ठारखोला,छटयाङ्ग वटयाङ्ग खोला, कुनावन बरा ताला |
| **फ. वन क्षेत्र** |
| प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र। |
| **ब. सार्वजनिक उपयोगका क्षेत्र** |
| बुद्धिविकास मा.वि., चन्द्रज्योति मा.वि., धवलागिरी आ.वि., नेर्वाङ्ग आ.वि., कैलाश आ.वि.,चेचुङ्ग आ.वि., रणज्योति आ.वि., पुरानो स्कुल खेलमैदान, जुनकिना खेलमैदान, झिबिर खेलमैदान, पुरानो मालिका खेलमैदान, जनशक्ति खेलमैदान, जन सुधार खेलमैदान खिबाङ्ग, खाम्लो खेलमैदान, मुदी स्वास्थ्य चौकि, गाँउघर क्लिनिक,सामुदायिक स्वास्थ्य इकाई,बयसधारा दलित भवन, मुदी आमा समुह भवन,प्रथम धौलागिरी युवा क्लब भवन, जन सधार युवा क्लब भवन, लेगोटघाट, बारबाङ्ग घाट,बागुतघाट,कोविलाघाट, लेगट तातोपानी |

शा नं.४

| |
|---|
| **क. औद्योगिक क्षेत्र** |
| नन्दीवाङ खोला लघु जलविधुत |
| **ख. खानी तथा खनिज क्षेत्र** |
| वैलडाँडा तामाखानी, घार्सुनी तामा खानी, ओखरबोट तामाखानी, झुबिन्दे तामाखानी, पिहिले तामाखानी, रातो भिर तामाखानी, कोपा तामा खानी, दार्मे तामा खानी , बन्चले ढुंगा खानी, जोगि देउराली ढुंगाखानी, जगरबोट ढुंगा खानी, हङखर्क ढुंगाखानी |
| **ग. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| कोट मन्दिर, चिमखोला मन्दिर, वलिथान मन्दिर, चर्च भेडी खाल्डा, झीङखानी भुमे मन्दिर , सिर्पाली कुल मन्दिर, खवाङ भुमे मन्दिर, कोट मन्दिर मल्कवाङ, झाङ भुमे मन्दिर, शिध्द मन्दिर, देवीस्थान मन्दिर, बालुकन्या मन्दिर, भिसिलि सिरम मन्दिर, दखौंला मन्दिर, भेडीखाल्टा पुर्जा कुल मन्दिर, मालिका मन्दिर, बारी मण्डली मन्दिर, वली मन्दिर, कोट मन्दिर मलम्पार, टारे मण्डली मन्दिर, महारानी मन्दिर |
| **घ. नदि खोला ताल सिमसर क्षेत्र** |
| मानेखर्क खोला , पुर्णगाउँ खोला, भ्वाडे खोला, होपा खोला, धोका खोला, पातलबराह ताल, उपल्लो बराह ताल, तल्लो बराह ताल, भेडाखर्क ताल, भेडाखर्क बराह ताल |
| **ङ. वन क्षेत्र** |
| प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र |
| **च. सार्वजनिक उपयोगका क्षेत्र** |
| जनज्योती आ.वि., जनजागृती मा.वि., महेन्द्र आ.वि., मल्कवाङ स्वास्थ्य चौकी, वराह युवा क्लव खेलमैदान, सनलाइट क्लव खेलमैदान, बारी मण्डली युवा क्लव खेलमैदान, मल्कवाङ सामुदायिक भवन , जनचेतना मण्डली आमा समुह भवन , नमुना मलम्पार आमा समुह भवन, दलित उत्थान केन्द्र भवन, दलित एकता केन्द्र भवन, लपरी खोला आर्यघाट, दोविल्ला खोला आर्यघाट, खाली खोला आर्यघाट |
| **छ. व्यवसायिक क्षेत्र** |
| व्यवसायिक क्षेत्र नरहेको। |
| **ज. कृषि क्षेत्र** |

वडा नं. ६

| |
|---|
| क. औद्योगिक क्षेत्र |
| -अप्पर म्याग्दी १ हाइड्रोपावर<br>-मराङ खोला लघु जलविधुत आयोजना |
| ख. खानी तथा खनिज क्षेत्र |
| -कोहड्डी ढुंगा खानी ,कुलबाङ ढुंगाखानी। |
| ग. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र |
| मालिका मन्दिर, बराहि मन्दिर, भुमे मन्दिर, शिध्द मन्दिर, कोट मन्दिर कोट गाउँ, कालीबराह मन्दिर, छराबन मन्दिर, भुमेथान मन्दिर, राइखोर देउतिनि देवी मन्दिर, शिब मन्दिर कोटगाउँ, टुले राजा को बासस्थान, मनी मन्दिर |
| घ. नदि खोला ताल सिमसर क्षेत्र |
| म्याग्दी नदी,मराङ सानो खोला ,मराङ ठूलो खोला ,छहरी खोला,नौ लिस्ने खोला ,भ्वाङभ्वाङे छहरा |
| ङ. वन क्षेत्र |
| प्रचलित कानुन बमोजिम तोकिएको बन क्षेत्र । |
| च. सार्वजनिक उपयोगका क्षेत्र |
| कल्लेनी आ.वि.,राम्चे आ.वि.,बागेश्वरी आ.वि., जनविकास आ.वि., जनविकास मा.वि.,मराङ स्वास्थ्य चौकी ,अर्बाङ सामुदायिक स्वास्थ्य इकाई ,बुल गाउँघर क्लिनिक कल्लेनी घाट, दोविल्ला घाट, डाँफे युवा क्लव खेलमैदान, प्रगती युवा क्लव खेलमैदान , शिव आमा समुह भवन, मराङ आमा समुह भवन, स्मृति भवन, प्रगतिशिल आमा समुह भवन, दलित कल्याण सेवा समाज घर राम्चे, नमुना आमा समुह भवन कल्लेनी, अर्बाङ आमा समुह भवन, घण्टीवाङ आमा सकुह भवन, हाङबाङ आमा समुह भवन |
| छ. व्यवसायिक क्षेत्र |
| वडा कार्यालय भवन |
| ज. कृषि क्षेत्र |
| चौतारे बन कृषि क्षेत्र ,उल्लेखित क्षेत्र बाहेक बाकी रहेका सम्पुर्ण जग्गाहरु |
| झ. आवासीय क्षेत्र |
| १.मराङ – मल्कवाङ – पाखापानी सडकको |

- (साना खोला देखी ठूलो खोला सम्मको खण्ड ) ३५ मि. दायाँ बायाँ
- ( सानो खोला देखी ओख्ले खण्ड सम्म ) ३५ मि दायाँ बायाँ
- ( उपल्लो बेसि देखी सानो खोला खण्डको ) ३५ मि दायाँ बायाँ

२.ब्यासी – राम्चे- पुल –मलम्पार- मल्कावाङ सडकको

- रिख बस्तीमा ४० मिटर अर्धव्यासको परिधीमा पर्ने जग्गाहरू
- (दमका डाडा देखी – जोगी पासो खण्ड सम्म ) २५ मि. दायाँ बायाँ
- (सिरमखोला देखी खग्सी खोला खण्डको ) २५ मि दायाँ बायाँ
- (ठूलो गाउँ डाडो देखी – भुमेथान खोल्सा खण्डको ) २५ मि दायाँ बायाँ
- (बयाङ घुम्ती देखी – बाझ बोट खण्डको ) २५ मि दायाँ बायाँ

३.दरबाङ – बिम – मारवाङ – कल्लेनी – सिवाङ – बगर जोड्ने सडकको

- (स्यालेखेत देखी – खिर्रा बोट खण्ड सम्म ) २५ मि खोला तर्फ मात्र
- (तल्लो कल्लेनी देखी – स्यालेखेत जाने चोक सम्म ) २५ मि दायाँ बायाँ

४. बगर बस्तीमा पर्ने सम्पुर्ण जग्गा हरु

५.बेसी बस्तीको ५५ मि अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

६.ठुलो स्वारा बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु

७.कुम्री बस्तीको ६५ मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

८.दमका बस्तीको ४० मि. को अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

९.ठुलो गाउँ बस्तीको ३० मि.अर्धव्यासको परिधिमा पर्ने सम्पुर्ण जग्गाहरु

१०.पन्थांक बस्तीको ४५ मि अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

११.नया बस्ती क्षेत्र भित्र पर्ने सम्पुर्ण जग्गाहरु

१२.हाडवाङ बस्तीको ३० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

१३.थापाघडेरी बस्तीको ४५ मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

१४.घण्टिवाङ बस्तीको ४० मि. अर्धव्यासको परिधिममा पर्ने जग्गाहरु

निमित्त प्रमुख प्रशासकीय अधिकृत

वडा नं. ७

| |
|---|
| **क. औद्योगिक क्षेत्र** |
| अप्पर म्याग्दी हाइड्रो ( ५३ मेगावाट ), बि एण्ड वि इट्टा उधोग, औधोगिक ग्राम |
| **ख. खानी तथा खनिज क्षेत्र** |
| मच्छिम महभिर तामाखानी, मच्छिम बुरो तामाखानी, मच्छिम ढुंगाखानी, हिलापोखरी ढुंगाखानी, धारापनी डङडुङे तामाखानी, कोपर्ना ढुंगाखानी, ताकम चिप्ले बाजा तामाखानी। |
| **ग. सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्र** |
| जगन्नाथ अन्नपुर्ण कोट मन्दिर, देवी थान, भगवती थान, पञ्चयाले देउता, कगराज थान, धारापानी देवी थान, कमलजैशि मन्दिर, शिवालय मन्दिर, देउराली थान, भुमे बराह थान, शिध्दबाबा मन्दिर, भुमेथान काफलडाडा, राज भुमे थान, राज बराह थान, कालि बराहथान, ओरान थान, कुल थान, ताकम सोलिङ मन्दिर, ताकम थापा कुल मन्दिर, ताकम भण्डारी कुल मन्दिर, सुवेदी कुल मन्दिर, ताकम कोबमा हर्मेल कुल मन्दिर, घरम्जा कुल मन्दिर, फकामी कुल मन्दिर, घर्ती मन्दिर, चिरधारा सांस्कृतिक क्षेत्र, मालेवडार, शिवाङ बराह थान, ताकम कोट क्षेत्र, मालिका क्षेत्र |
| **घ. नदि खोला ताल सिमसर क्षेत्र** |
| म्याग्दी नदी, दाङ खोला, कुरेपानी ताल, खाला ताल, कोट खोला |
| **ङ. वन क्षेत्र** |
| प्रचलित कानुन बमोजिम तोकिएको बन क्षेत्र। |
| **च. सार्वजनिक उपयोगका क्षेत्र** |
| मछछे भुमे आ.वि., काफलडाडा कोट प्रा.वि., हेम नमुना उच्च मा.वि., शिवाङ जगन्नाथ प्रा.वि., हिलापोखरी ताकम मा.वि., श्री किसानी चन्द्रा कुन्ता मा.वि., मच्छिम गाउँघर क्लिनिक , ताकम स्वास्थ्य चौकी, धारापानी स्वास्थ्य चौकी , मुना ताकम प्रहरी चौकी, काफलडाडा आमा समुह भवन, देउराली आमा समुह भवन, उज्जल आमा समुह भवन, सिर्जना आमा समुह भवन, उधमशील आमा समुह भवन, प्रगतीशील आमा समुह भवन, भगवती आमा समुह भवन ताकम, नौमती बाजा भवन, गुरुङ समाज भवन, नयाँ गाउँ नौमती बाजा भवन सिवाङ। |
| **छ. व्यवसायिक क्षेत्र** |
| |

प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| १.दर्बाङ —ताकम — मुना हुदै ढोरपाटन जोड्ने सडकको -(धारापानी देखी ढाड खण्ड ) -३० मिटर दायाँ बायाँ<br>- (कबडहल चोक देखी — गाडापानी ) ५०.मि. दायाँ बायाँ<br>२.भुइपुज्ने देखी रत्नेगैरा हुँदै गाडापानी जोड्ने सडकको<br>— ( थापा टोल देखी रत्नेगैरा — गाडापानी खण्ड ) -३५ मि दायाँ बायाँ |
| ज. कृषि क्षेत्र |
| उल्लेखित क्षेत्र बाहेक बाँकी रहेका सम्पुर्ण जग्गाहरु। |
| झ. आवासीय क्षेत्र |
| १.दर्बाङ — ताकम — मुना — हुँदै ढोरपाटन सडकको<br>- ( गौथली देखी — डाडा चौर भिर सम्म ) ३० मि. दायाँ बायाँ<br>- (भुइ पुज्ना — कबडहल चोक खण्ड ) ३५ मिटर दायाँ बायाँ<br>- (पुरनबारी चोक देखी — गुरुङ गाउ सिवाङ सम्म ) ३० मि दायाँ बायाँ<br>- मयलबोट देखी मच्छिम भ्युप्वाइन्ट सम्म ) ३० मि दायाँ बायाँ<br>२.धारापानी — चाउके हुदै कुटीचौर ताकम जोड्ने सडकको<br>- ( बनकट्टे क्वालेमारे देखी चाउके सम्म ) ३० मि दायाँ बायाँ<br>- ( आटे भिर देखी — किमचौर चोक सम्म ) ३५ मि दायाँ बायाँ<br>३.बिम — भारवाङ झर्ने सडकको<br>- ( क्वालेमोर देखी — सर्वोत सम्म ) २५ मि दायाँ बायाँ<br>४.रानीखोरिया देखी महभिर हुदै — कुदेपानी जोड्ने सडकको २५ मि दायाँ बायाँ<br>५.भुइ पुज्ने देखी रत्नेगैरा हुदै गाडापानी जोड्ने सडकको<br>- ( भुइ पुज्ने देखी थापा टोल सम्म ) ३० मि दायाँ बायाँ<br>६. किमचौर चोक देखी रत्नेगैरा सडकको ३५ मि दायाँ बायाँ<br>७.रत्नेगैरा देखी वडा कार्यालय हुदै चिप्लेटी जोड्ने बाटोको ३० मि दायाँ बायाँ<br>८.चिप्लेटी हुदै आफर खोला को २५ मिटर दायाँ बायाँ<br>९.रत्नेगैरा देखी पौडेल चोक जोड्ने बाटोको २५ मिटर दायाँबायाँ<br>१०. रत्नेगैरा देखी काफलडाडा हुदै ताकम कोट जोड्ने बाटोको<br>- ( रत्नेगैरा देखी — ओखलढुङगा डाडा सम्म ) २५ मि. दायाँ बायाँ<br>- ( चिसेपानी देखी — काफलडाडा थापा टोल ) २५ मि दाय बायाँ<br>११.ओखलढुङगा देखी पोखरी जोड्ने बाटोको — २५ मि दायाँ बायाँ<br>१२. किमचौर देखी — पच्चीसमुरे हुँदै कालोजुर सडकको<br>- ( भुक्ने देखी गुरुङ बस्ती सम्म ) — २५ मि दायाँ बायाँ<br>१३.जगन्नाथ स्कुल देखी काउले जोड्ने बाटो<br>- ( स्कुल देखी — सिरान घर सम्मको खण्ड ) २५ मि दायाँ बायाँ |

१४.सिवाङ चोक देखी — काफलडाडा जोड्ने बाटोको
( सिवाङ चोक देखी नयाँ गाउँ सम्म ) २५ मि दायाँ बायाँ
१५. चौतारी बारी देखी ठुलोस्वारा जोड्ने बाटो को
( चौतारी बारी देखी —धारापानी सम्म ) २५ मि दायाँ बायाँ
१६.यति वर्तीको ३० मि.को अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
१७. न्यु श्री किसानी चन्द्रकुन्ता मा.वि.को ६५ मि अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
१८.बाझपट्टी बस्तीको ४० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
१९.ज्याउरीको बस्तीको ५० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२०.महभिर दलित बस्तीको ३० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२१. अरिधारा बस्तीको ३५ मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२२. शिवथोक बस्तीको १०० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२३. डाडा गाउ बस्तीको ८० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२४.गुह्ये खोला बस्तीको ३० मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२५.वडा कार्यालय बस्तीको ४५ मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२६.अफरखोला बस्तीको ३५ मि. अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु
२७. पुरन बारी बस्ती भित्र पर्ने सम्पुर्ण जग्गाहरु
२८.नयाँ गाउँ बस्तीको ४५ मि अर्धव्यासको परिधिमा पर्ने जग्गाहरु

१५. वर्गीकरण गरी तयार गरिएको कित्तागत विवरणमा कुनै पनि व्यक्तिका कित्ता हाल फिल्डमा र भू-उपयोग नक्सामा भएका सडक अधिकार क्षेत्र, विद्यालय वा अन्य सार्वजनिक भवन भित्र परि सार्वजनिक क्षेत्रमा जनिएको भए त्यस्ता कित्ताहरुलाइ लगतकट्टा नभएसम्म आवासीय क्षेत्रसगँ जोडिए आवासीय क्षेत्र कायम र व्यवसायिक क्षेत्र सगँ जोडिए व्यवसायिक क्षेत्र कायम गरि कित्ताकाट गर्न सकिने ।

वर्गीकरण गरी तयार गरिएको कित्तागत विवरणमा कुनै पनि व्यक्तीका कित्ता हाल फिल्डमा र भू-उपयोग नक्सामा भएका सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा भित्र परि सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र जनिएको भए त्यस्ता कित्ताहरुलाइ लगतकट्टा नभएसम्म आवासीय क्षेत्रसँग जोडिए आवासीय क्षेत्र कायम र व्यवसायिक क्षेत्रसँग जोडिए व्यवसायिक क्षेत्र कायम गरि कित्ताकाट गर्न सकिने ।

१६. वर्गीकरण गरी तयार गरिएको नक्सामा व्यक्तिका कित्तालाई वन जनीयको भएतापनि त्यस्ता कित्ताहरुलाई कृषि क्षेत्रको जग्गामा कायम गर्ने ।

१७ भू-उपयोग नियमावली, २०७९ अनुसार बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए तापनि कित्ताको क्षेत्रफल ५००० (पाँचहजार) वर्ग मिटर भन्दा बढी भई खेती गरिएको खनजोत गरिएको वा प्रति बाँझो रहेको जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गर्नु पर्ने भएतापनि स्थानीय आवश्यकताका आधारमा आवासीय वा व्यावसायिक मापदण्ड बमोजिमको क्षेत्रमा वर्गीकरण गरिने।

प्रशासकीय अधिकृत

गाउँपालिका कार्यपालिकाको कार्यालय ... म्याग्दी ... नेपाल

१८. भूउपयोग क्षेत्र वर्गीकरण भई प्रत्येक कित्ताको विवरण तयार गरे पश्चात कित्तानापि नक्सामा कुनै कित्ता नं. दोहोरिएमा, छुट हुन गएमा वा अस्पष्ट (जस्तै ० अथवा ९९९९९) हुन गएमा साविक नक्सा तथा अन्य प्रमाणको आधारमा वर्गीकरण गरिएको भूउपयोग क्षेत्र फरक नपर्ने गरि त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस बमोजिम संशोधन गर्न सकिने।

१९. फाईल नक्सामा भएका कित्ताहरुको हकमा साविक कित्ता व्यवसायिक क्षेत्रमा भए व्यवसयिक क्षेत्रमा नै कायम गर्ने र साविक कित्ता अन्य जुनसुकै क्षेत्रमा भए पनि आवासिय क्षेत्रमा कायम गर्न सकिने ।

२०. भू-उपयोग (पहिलो) संशोधन नियमावली २०८० को नियम ४ को उपनियम ४ घ बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण भइ प्रत्येक किंत्ताको विवरण तयार गर्ने क्रममा वर्गीकरण गरिएको भू-पयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गीकरण हुन गई त्रुटि हुन गएमा वर्गीकरण गरिएको भू-पयोग क्षेत्र फरक नपर्ने गरि त्रुटी संशोधन गरि सिफारिस गरिने ।

२१. जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

२२. जग्गा वर्गीकरण गरि नापि नक्सालाइ भूउपयोग नक्सामा खप्टाउदा एउटै कित्ता दुई वा दुई भन्दा बढी भू-उपयोग क्षेत्रमा र फरक फरक सिटमा परी दुई वा दुई भन्दा बढी क्षेत्रमा वर्गीकरण भएको खण्डमा विद्यमान जग्गा उपयोग प्रयोजनलाई ध्यान दिँदै निम्न प्राथमिकता क्रम बमोजिम एक क्षेत्रमा कायम गरि सिफारिस गर्न सकिने ।

क. व्यवसायिक क्षेत्र
ख. आवासीय क्षेत्र
ग. कृषि क्षेत्र
घ. सार्वजनिक उपयोगको क्षेत्र

**२३. मापदण्डको संशोधनः** भू-उपयोग परिषद्को सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**२४. बाधा अड्काउ :** यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भू-उपयोग परिषद्ले वाधा अड्काउ फुकाउन सक्नेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत



CamScanner